नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
भाद्र/आश्विन २०७४ (September 2017) वर्ष २१/अङ्क २४६

## परमेश्वरमा राखिएको भरोसाले दोब्बर आशिष्मा डोऱ्याउँछ

- एल्डर गोपी राई

**अय्यूब १, २ र ४२ अध्याय:** ऊज देशमा अय्यूब नाउँ भएका एकजना मानिस् बस्दथे । तिनी निर्दोष र सोझो जीवन बिताउँथे । तिनी परमेश्वरसँग डराउँथे र दुष्टताबाट अलग बस्थे । तिनका सात छोरा र तीन छोरी थिए । तिनका सात हजार भेडा, तीन हजार ऊँट, पाँच सय हल गोरु र पाँच सय गधाहरूबाहेक धेरै कमारा कमारीहरू पनि थिए । पूर्वका सबै मानिसहरूमध्ये अय्यूब सबैभन्दा महान थिए । तिनका छोराहरूले पालैसित आफ्नो घरमा भोज लाउँथे र आफ्ना तीन बहिनीहरूलाई खानपिनका लागि निम्त्याउँथे । भोज दिने काम सिद्धिएपछि अय्यूबले आफ्ना छोराछोरीहरूलाई बोलाएर शुद्ध बनाउने गर्थे । तिनी बिहान सबेरै उठी तिनीहरू प्रत्येकको निम्ति यो विचारले एउटा एउटा होमबलि चढाउँथे, "सायद मेरा छोराछोरीले पाप गरे होलान् र परमेश्वरलाई सरापे होलान् ।" अय्यूबले सधैं यसै गर्थे (अय्यूब १:१-५) ।

अय्यूब त्यस जमानाका धनाढ्य व्यक्ति थिए साथै उनी परमेश्वरको डर मान्ने व्यक्ति थिए । निर्दोष र सोझो जीवन बिताउँथे । केही अभाव थिएन । त्यति हुँदहुँदै पनि अय्यूबको कमजोरी पनि थियो । उनको कमजोरीचाहिँ छोराछोरीहरूलाई परमेश्वरको डरमा हुर्कन सिकाएनन् । उनले छोराछोरीलाई परमेश्वरको डरमा हुर्कन सिकाएको भए उनीहरूले बुझ्ने थिए, परमेश्वरलाई सराप्नुहुँदैन । उनीहरूमा परमेश्वरको डर नभएको हामी थाहा पाउँछौं । त्यसैले उनी आफै भए पनि छोराछोरीहरूको लागि होम बलि चढाउँथे । छोराछोरीहरूचाहिँ सांसारिक थिए । आफ्ना बाबुमा जस्तो परमेश्वरप्रतिको भक्ति उनीहरूमा थिएन । उनीहरू भोज खाएर मोज मस्तीमा समय बिताउँथे । उनका छोराहरूले आफ्ना दिदीबहिनीहरूका लागि पालैपालो भोज लगाउँथे । जब सातै भाइको पालो सकिन्छ, तब बाबु स्वयम्ले उनीहरूको लागि होमबलि चढाइदिनु पर्थ्यो । आ-आफ्नै घरमा भोज भनेपछि सबै उमेर पुगेका थिए । बाइबलमा लेखिएको छैन कि ती छोराछोरीहरूले बलिदान चढाउँथे । यसको अर्थ आफ्नो छोराछोरीमा परमेश्वरको भक्ति छैन भन्ने अय्यूबलाई थाहा थियो । त्यसैले आफैले उनीहरूको लागि होमबलि चढाउँथे किनकि बाबु आमाले आफ्नो सन्तानको भलाई नै चाहन्छन् । यसको कारण अय्यूबले आफ्ना छोराछोरीलाई परमेश्वरको भक्तिमा हुर्काउन नसक्नु थियो । शैतान सधैं नै पृथ्वीमा घुमफिर गरिरहन्छ । अनि मानिसको उन्नति देखेर जल्छ । परमेश्वरका दूतको साथमा पनि हिंड्छ । परमेश्वरकै काम गर्दा पनि बडो होसियारसँग गर्नुपर्छ ।

यी सबै भइरहेको समयमा स्वर्गदूतको साथमा शैतान पनि देखा पऱ्यो । जब परमेश्वरले शैतानलाई तँ कहाँबाट आइस् भनी सोध्नुभयो । शैतानले पृथ्वीमा घुमफिर गर्दै आएको बताउँछ । परमेश्वरले अय्यूबको प्रशंसा गर्दै के तैंले मेरा दास अय्यूबलाई याद गरिस् । परमेश्वरको डर राख्ने र दुष्ट कामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन (अय्यूब १:८) । परमेश्वरको प्रशंसा सुनेर शैतानले एकै सासमा उत्तर दिन्छ, त्यसै अय्यूबले परमेश्वरको डर मानेका हुन् र ? तपाईंले अय्यूबलाई, तिनका सबै काम तपाईंले चारैतिरबाट बार हालेर रक्षा गर्नुभएको छैन ? तपाईंले तिनका सबै काममा आशिष् दिनुभएको छ, त्यसैले तिनको गाईवस्तु देशभरि अनगन्ती बढेका छन् । तपाईंले आफ्नो हात पसारेर तिनको सबै चीजमाथि प्रहार गर्नुहोस्, तिनले तपाईंका मुखकै सामु तपाईंलाई सराप्नेछन् । तब परमेश्वरले अय्यूबको ज्यानबाहेक सबै कुरा शैतानको अधिकारमा दिनुभयो (अय्यूब १:६-१२) ।

शैतानले अय्यूबको प्रशंसा परमेश्वरबाट सुनेर उसलाई डाह भयो र परमेश्वरलाई विरुद्धमा उक्सायो । अधिकार पाएपछि उसले सबै क्षेत्रमा प्रहार गऱ्यो । एकदिन अय्यूबका जेठा छोराको घरमा भोज भइरहेको थियो । सबैजना भोजको मोजमस्ती गरिरहेका थिए । एकजना समाचारबाहक आएर भन्छ, गोरुहरू जोतिरहेको र गधाहरू तिनीहरूका नजीकै चरिरहेका बेला शब्बीहरू आएर गोठालाहरूलाई आक्रमण गरी मारे र सबै लगे । समाचार दिन म मात्र उम्कें । त्यो बोल्दा बोल्दै अर्को एकजना आएर परमेश्वरको अग्नि स्वर्गबाट झरेर भेडाहरू र गोठालाहरू भष्म पाऱ्यो र समाचार दिन म मात्र उम्कें । ऊ बोल्दा बोल्दै तेस्रो आएर भन्छ, "कल्दीहरूले छापा मार्ने तीन दल बनाएर तपाईंका ऊँटहरू आक्रमण गरेर लगे । तिनीहरूले नोकरहरूलाई मारे र समाचार दिन म मात्र उम्कें ।" ऊ बोल्दा बोल्दै चौथो आएर भन्छ, "तपाईंका छोराछोरीहरू आफ्ना जेठा दाईको घरमा खानपान गर्दैथिए । त्यसै बेला मरुभूमिबाट अचानक आँधीबेरी आएर घरको चारै कुनामा हान्यो र ती जवान मानिसहरूमाथि ढलेर तिनीहरू सबैलाई थिचेर माऱ्यो । समाचार दिन म मात्र उम्कें ।" यो सुनेर अय्यूब उठेर आफ्नो लुगा च्याते । आफ्नो कपाल खौरे र घोप्टो परी दण्डवत गरेर भने, "म आफ्नी आमाको गर्भबाट नांगै आएँ, अनि नांगै फर्केर जानेछु । परमप्रभुले दिनुभयो अनि परमप्रभुले लानुभयो । उहाँको नाउँ धन्यको होस् ।" अय्यूबले परमेश्वरलाई दोष् लगाएर पाप गरेनन् ।

त्यसपछि अर्को दिन स्वर्गदूतहरू परमप्रभुको सामू उपस्थित हुँदा फेरि शैतान पनि उपस्थित हुन्छ । परमेश्वरले तँ कहाँबाट आइस् भनेर सोध्नुहुँदा शैतानले भन्छ, "पृथ्वीको चारैतिर घुमफिर गर्दै आएको हुँ । फेरि पनि परमेश्वरले अय्यूबको प्रशंसा गर्नुहुन्छ र भन्नुहुन्छ, विनाकारण त्यसलाई नास गर्नलाई तैंले मलाई उस्काइस् । तर त्यसको निष्ठा अझसम्म ढलपल भएको छैन (अय्यूब २:१-३) । शैतानले उत्तर दिन्छ, चामको साटो चाम । आफ्नो ज्यान बचाउन मानिसले सबै कुरा दिँदैन र ? आफ्नो हात पसारेर त्यसको शरीरमा चोट पुऱ्याउनुहोस् अनि तिनले तपाईंकै मुखेन्जी सराप्नेछन् । परमप्रभुले भन्नुभयो, "त्यसो भए त्यो तेरो हातमा छ तर त्यसको ज्यानचाहिँ छोडिदे ।" शैतान त्यहाँबाट निस्केर गयो र अय्यूबको शरीरमा पैतालादेखि शिरसम्म कष्टप्रद खटिरा उब्जाइदियो । खरानीमा

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
| भाद्र २४ September 9 | पाष्टर रोबर्ट कार्थक पाष्टर सामुएल कार्थक | डीकन राजु तामाङ्ग | पाष्टर अशोक मुखिया | एल्डर घन श्याम दाहाल | एल्डर श्रीलक्ष्मी सैंजु | एल्डर नभराज के.सी. | एल्डर छ्योगेन रोंगोंग |
| भाद्र ३१ September 16 | एल्डर सिमोन पाठक | श्री सिद्धि खालिङ | डीकनेस् रमा राई | पाष्टर रोल्याण्ड रोंगोंग | डीकन सिमोन भण्डारी | एल्डर घन श्याम दाहाल | एल्डर सिमोन खालिङ |
| आश्विन ७ September 23 | एल्डर दिनेश न्यौपाने | श्री एलिजर तामाङ्ग | एल्डर पूर्ण सुनुवार | पाष्टर रोबर्ट कार्थक | एल्डर रूबेन श्रेष्ठ | श्री भुवन देवकोटा | संयुक्त सेवा ललितपुर चर्च |
| आश्विन १४ September 30 | पाष्टर रोबर्ट कार्थक | एल्डर मान बहादुर मगर | श्री रमेश लामा | शरद सम्मेलन | श्री स्टिफनस राई | एल्डर छ्योगेन रोंगोंग | पाष्टर रोल्याण्ड रोंगोंग |
| आश्विन २१ October 7 | पाष्टर सामुएल कार्थक पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर बि.बि. खवास | श्रीमती गंगा श्रेष्ठ | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर शरण राई |

बसेर शरीर कन्याउनलाई माटोको भाँडोको टुक्रा लिए । तिनकी पत्नीले भनिन्, "यति भैसक्दा पनि के को परमेश्वरको निष्ठामा अडि नै रहनुहुन्छ ? परमेश्वरलाई सरापेर मर्नुहोस् ।" अय्यूब भन्छन्, "तिमी मूर्ख आइमाई जस्तै कुरा गर्छ्यौ । परमेश्वरबाट सुखचाहिँ ग्रहण गर्ने तर दुःखचाहिँ ग्रहण नगर्ने ?" अय्यूबले बोलेर फेरि पनि पाप गरेनन् ।

अय्यूबको जीवनमा ठूलो विपत्ति आएको बेला उनकी पत्नीले समेत साथ नदिएको देख्न सक्छौं । पाप गर्नको लागि नजीककै मानिसले उक्साउँछ । अय्यूबमाथि आएको विपत्ति सुनेर उनका मित्रहरू एलिपज तेमानी, विल्दद शुही र सोपर नमाती भेट गर्नलाई आए । तिनीहरूले टाढैबाट अय्यूबलाई देख्छन् तर चिन्दैनन् । उनीहरू आफ्ना लुगा च्यातेर रून्छन् र सात दिनसम्म उनीहरूको मुखबाट एक शब्द पनि निस्कँदैन । तर त्यसपछि सान्त्वना दिनको सट्टामा उनीहरूले अय्यूबलाई विभिन्न दोषहरू लगाउँछन् । अय्यूब सफाई दिन्छन् । म निर्दोष छु भनेर प्रमाणित गर्न खोज्छन् ।

तर अय्यूब ४२ अध्यायमा अय्यूबसँग परमेश्वर बोल्नुहुन्छ । परमेश्वरको अघि अय्यूब पश्चात्ताप गर्छन् र भन्छन्, "तपाईंले भन्नुभयो, "अब ध्यानसित सुन् र म तँसँग बोल्नेछु, म तँलाई प्रश्न गर्छु र तैंले मलाई उत्तर दिनेछस् । मेरा कानहरूले तपाईंका बारेमा सुनेको मात्र थिएँ, तर अब ता म तपाईंलाई आफ्नै आँखाले देख्दछु । यसैकारण म आफूलाई तुच्छ ठान्छु, अनि धुलो र खरानीमा बसेर म पश्चात्ताप गर्दछु ।' त्यसपछि परमेश्वरले एलिपज तेमानीलाई भन्नुभयो, "तँ र तेरा दुई मित्रहरूसँग म क्रोधित भएको छु किनभने मेरा दास अय्यूबले मेरो विषयमा भनेझैँ तिमीहरूले भन्नुपर्ने ठीक कुरा भनेनौ । यसैले सात वटा साँढे र सातवटा भेडा लिएर मेरो दास अय्यूबकहाँ जाऊ, र तिमीहरू आफ्ना निम्ति होमबलि चढाऊ र त्यसले तिमीहरूका निम्ति अन्तर्बिन्ती चढाउनेछ । म त्यसको प्रार्थना सुन्नेछु अनि तिमीहरूको मूर्खताअनुसार तिमीहरूसित व्यवहार गर्नेछैन, किनभने अय्यूबले झैं मेरो विषयमा भन्नुपर्ने कुरा तिमीहरूले बोलेनौ ।" तब एलिपज तेमानी, विल्दद शुही र सोपर नमातीले परमप्रभुको आज्ञाअनुसार गरे र आफ्ना मित्रहरूका निम्ति अय्यूबले अन्तर्बिन्ती गरिदिँदा परमप्रभुले अय्यूबको प्रार्थना ग्रहण गर्नुभयो । यसरी अय्यूबले आफ्ना मित्रहरूका निम्ति प्रार्थना गरेपछि परमप्रभुले अय्यूबको सुदिन फर्काइदिनुभयो । र तिनका सबै धन सम्पत्ति पहिलेको भन्दा दुई गुणा बढाइदिनुभयो । त्यसपछि अय्यूबका दाजुभाइ, दिदीबहिनीहरू र तिनका अघिका परिचित मानिसहरू आएर तिनीसित तिनका घरमा भोज गरे, र तिनीमाथि ल्याउनुभएका दुर्दशाहरूका निम्ति तिनीहरूले तिनलाई सान्त्वना प्रकट गरे । अनि हरेकले तिनलाई एक एक टुक्रा चाँदी र एउटा एउटा सुनका औंठी दिए । त्यसबाहेक परमप्रभुले अय्यूबको जीवनको पछिल्लो समयलाई अघिल्लो समयभन्दा बढी आशिष् दिनुभयो । तिनका चौध हजार भेडाबाखा, छ हजार ऊँट, हजार हल गोरु र एक हजार गधा थिए । तिनका सात छोरा र तीन छोरी भए (अय्यूब ४२:४,१३) । अय्यूबले पाप गरेको कारणले उसले दण्ड पाएको होइन । मानिसहरूको दृष्टिमा पापको कारण गरीबी, पापको कारणले बिरामी हुन्छ भन्ने गलत विचार छ । तर अय्यूब त्यो कारणले बिरामी परेका होइनन् । तर जब परमेश्वर अय्यूबसँग बोल्नुभयो । अय्यूब परमेश्वरको अघि पश्चात्ताप गर्छन् । उनी भन्छन्, "मैले सुनेको मात्र थिएँ । अब मैले परमेश्वरलाई आफ्नै आँखाले देखेको छु ।" जब सान्त्वना चाहिएको थियो, त्यसबेला उनले साथीहरूबाट साथ पाएनन् । आफन्तबाट साथ पाएनन् । त्यसैले एउटा नेपाली उखान नै चलेको छ, 'सम्पत्तिमा सबैको हाई हाई, विपत्तिमा कोही छैन दाजुभाइ ।' हामीहरू पनि सान्त्वना र ढाडस चाहिएका बेलामा सल्लाहको नाममा, परामर्शको नाममा घनले ठोक्ने काम गर्छौं । जब अय्यूबका तीन जना साथीहरूले परमेश्वरले आज्ञा गर्नुभए बमोजिम गरेपछि अय्यूबले उनीहरूको लागि प्रार्थना गरिदिए । उनीहरूको गल्तीको लागि क्षमा मागिदिए । परमेश्वरले ती सबैलाई आशिष् दिनुभयो । परमेश्वरले ती तीन साथीहरूले गरेको मूर्खताबमोजिम व्यवहार गर्नुभएन । अय्यूबले दोब्बर आशिष् पाए । परमेश्वरले उनको धन सम्पत्ति दोब्बर बढाइदिनुभयो ।

परमेश्वरको उद्देश्य दण्ड दिनु होइन, तर दुःखमा पनि साथ दिनु हो । तर मानिसको कामचाहिँ परमेश्वरलाई दोष् नदिनु र स्थिर रहनु हो ।

हामीले परमेश्वरको सामर्थ र भलाइमा भरोसा राख्यौं भने विजय त्यसैमा छ । अय्यूबले राखेको भरोसाले नै उसलाई दोब्बर आशिष्को हकदार बनायो ।

## सेप्टेम्बर महिनाको कार्यक्रम

भाद्र २५ गते/सेप्टेम्बर १० तारिख आइतबार बिहान १०:०० बजे **नेइम कार्यकारिणीको बैठक** नेइम गोंगबू मण्डलीमा ।

आश्विन १ गते/सेप्टेम्बर १७ तारिख आइतबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा ।

आश्विन १३ र १४ गते/सेप्टेम्बर २९ र ३० तारिख शुक्रबार र शनिबार बिहान १०:०० बजे **शरद सम्मेलन** आ-आफ्नै मण्डलीमा ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|
| **भाद्र २४** September 9 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | श्री कुमार राई |
| **भाद्र ३१** September 16 | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | एल्डर पिटर लिम्बू | श्री लेखनाथ पौडेल | श्री सुरेन्द्र सापकोटा |
| **आश्विन ७** September 23 | एल्डर सिमोन पाठक | श्री राज गुरूङ्ग | श्री कृष्ण तामाङ्ग | डीकन मोहन श्रेष्ठ | एल्डर दानिएल सापकोटा | पाष्टर सामुएल कार्थक | पाष्टर प्रेम श्रेष्ठ | डीकनेस् बिनीता राई |
| **आश्विन १४** September 30 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | सुश्री रन्जना ढुंगेल | एल्डर सिमोन पाठक | डीकनेस् अमृता कार्थक |
| **आश्विन २१** October 7 | श्री कृष्ण तामाङ्ग | डीकन मोहन श्रेष्ठ | श्री कृष्ण श्रेष्ठ | डीकन पासाङ्ग तामाङ्ग | डीकन पेशल राई | एल्डर छोदेन कार्थक | एल्डर कर्ण बहादुर तामाङ्ग | संयुक्त सेवा धापासी चर्च |

# हार्दिक बधाई



श्रावण १९ गते/अगष्ट ३ तारिख बिहीबार नेइम ललितपुर मण्डलीका सदस्यहरू श्री **समीर तामाङ्ग** र सुश्री **करुणा न्यौपाने**को **पवित्र विवाह** नेइम ललितपुर मण्डलीमा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **समीर** र **करुणा तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।



श्रावण २९ गते/अगष्ट १३ तारिख आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री **प्रशिष महर्जन** र सिलोआम, बाँसबारी मण्डलीकी सदस्य सुश्री **सविना तामाङ्ग**को सिलोआम, बाँसबारी मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **प्रशिष** र **सविना महर्जन**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।



भाद्र १ गते/अगष्ट १७ तारिख बिहीबार नेइम गोंगबूँ मण्डलीका सदस्यहरू श्री **प्रकाश ढकाल** र सुश्री **सृजना गुरूङ्ग**को नेइम गोंगबूँ मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **प्रकाश** र **सृजना ढकाल**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।



भाद्र ४ गते/अगष्ट २० तारिख आइतबार नेइम ललितपुर मण्डलीको सदस्य श्री **अमृत कार्की** र शान्ति जीवन मण्डली, सानो गाउँकी सदस्य सुश्री **चन्द्रावती कार्की**को शान्ति जीवन मण्डली सानो गाउँमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **अमृत** र **चन्द्रावती कार्की**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।

भाद्र ४ गते/अगष्ट २० तारिख आइतबार नेइम भैंसेपाटी मण्डलीका सदस्यहरू श्री **कुमार थापा** र सुश्री **सरला कार्की**को नेइम भैंसेपाटी मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **कुमार** र **सरला थापा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।

### जानकारी

श्रावण १४ गते/जुलाई २९ तारिख शनिबार नेइम गोंगबूँ मण्डलीमा १ जना विश्वासीको समर्पण भयो।

श्रावण २१ गते/अगष्ट ५ तारिख शनिबार नेइम जोरपाटी मण्डलीमा ५ जना बाल बालिकाहरूको बाल अर्पण भयो।

श्रावण २८ गते/अगष्ट १२ तारिख शनिबार नेइम ललितपुर मण्डलीमा १ जना विश्वासीको समर्पण भयो।



जोरपाटी बस्नुहुने नेइम जोरपाटी मण्डलीको सदस्य श्रीमती निर्मला खत्री ४१ वर्षको उमेरमा श्रावण २९ गते/अगष्ट १३ तारिख आइतबार प्रभुमा सुत्नुभयो।



कपन बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्रीमती अन्जु लामा ४९ वर्षको उमेरमा श्रावण ३२ गते/अगष्ट १६ तारिख बुधबार प्रभुमा सुत्नुभयो।

### विशेष् प्रार्थना

**आश्विन/कार्तिक (सेप्टेम्बर/अक्टोबर) महिनामा देशका विभिन्न मण्डलीहरूमा हुने सेवा संगति, सम्मेलन, युवा शिविर, अधुरो घर घरानाको लागि साथै सो समयमा यात्रा गर्नेहरूको लागि प्रार्थना गरिदिऔं।**

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार** Sunday | १८ 3<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>२ कोरिन्थी ३:४-६ | २५ 10<br>पूर्व मेचीदेखि पश्चिम महाकाली, उत्तरी हिमाल, पहाडदेखि दक्षिण तराईसम्मका सम्पूर्ण मण्डलीका अगुवा साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह २०:१-७ | १ आश्विन 17<br>देशका सबै जातिहरूले प्रभु येशू खीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न सकून् र विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२५ | ८ 24<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ पवित्र आत्माको सहायतामा सधैँ हेरचाह गर्न सकून् ।<br>प्रेरित ११:१९-२४ | १५ 1<br>खीष्ट प्रभुबाटको मुक्ति र सित्तैको उद्धारको सुसमाचार सुन्नुभएका-हरू साथै सुनी ग्रहण गर्नुभएका -हरूको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना ६:३५-४० |
| **सोमबार** Monday | १९ 4<br>सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवा साथै मण्डलीले वचन ग्रहण गरी पालन गर्नको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ३७:१-११ | २६ 11<br>मण्डलीका सबै विश्वासीहरू हर समय साथै सबै परिस्थितिमा परमप्रभु परमेश्वरलाई आदर गर्नेहरू भई र उहाँलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>१ थेसलोनिकी ५:१४-२५ | २ 18<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:२-४ | ९ 25<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>यशैया ५७:१४-१९ | १६ 2<br>मण्डलीका सबै विश्वासीहरू परमेश्वरको प्रेममा रही एकअर्काप्रति प्रमको जीवन जिउनेहरू हुन सकून् ।<br>रोमी १२:९-१६ |
| **मंगलबार** Tuesday | २० 5<br>आश्विन/कार्तिक (सेप्टेम्बर/अक्टोबर) महिनामा देशका विभिन्न मण्डलीहरूमा हुने सेवा संगति तथा मण्डली सम्मेलन, युवा शिविर साथै यात्रा गर्नेहरूको लागि प्रार्थना गरिदिऔं ।<br>२ तिमोथी ३:१६-४:१-५ | २७ 12<br>नेइमअन्तर्गतका मण्डलीहरूको निम्ति आवश्यक जग्गा किन्न र मण्डली भवन निर्माण गर्नको लागि समयमा नै रूपैंया पैसा जुट्न सकून् भनी प्रार्थना गरौं ।<br>हाग्गै २:४-९ | ३ 19<br>रोगी-बिरामी, चिन्ता-फिक्री, अभाव, घटी-कमी, ऋण, मुद्दा-मामिला साथै अन्य समस्याहरूमा परेकाहरू निम्ति प्रार्थना गरिदिऔं ।<br>भ.सं.१२१:१-८, याकूब ५:१३ | १० 26<br>मण्डलीका विश्वासीहरू चारैतिर घटिरहेका अशान्ति, निरासका कुरातिर मात्र ध्यान दिई विचलित हुने होइन तर प्रभुको वचनमा रही स्थिर रहन सकून् ।<br>मत्ती २४:४-१४, २३-२५, ४२ | १७ 3<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू खीष्टको भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून्।<br>२ कोरिन्थी ५:१५ |
| **बुधबार** Wednesday | २१ 6<br>हामी विश्वासीहरू परमेश्वरको वचन पढ्ने, सुन्ने, सिक्ने मात्र नभई वचनअनुसार जिउनेहरू पनि हुन सकौं ।<br>हितोपदेश ४:४, मत्ती १३:८-९ | २८ 13<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइबाट दशांश साथै प्रभुको कामको निम्ति दिने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ८:१-७ | ४ 20<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | ११ 27<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीहरू र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>मत्ती ५:१३-१६ | १८ 4<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रुपमा चढाइने प्रार्थना आफ्ना विचारअनुसार मात्र होइन तर परमेश्वरको इच्छा अनुसार प्रार्थना गर्न पवित्र आत्माको अगुवाइ मागौं ।<br>मत्ती ६:८-१०, यूहन्ना १६:१३ |
| **बिहीबार** Thursday | २२ 7<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासीहरू देशको वर्तमान परिस्थितिको कारण विचलित नभई प्रभुमा, वचन र प्रार्थनामा स्थिर रहन सकून् ।<br>भ.सं. १२१:१-२, यशैया २६:३-४ | २९ 14<br>नेपालमा रहेका सबै विश्वासीहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् ।<br>भजनसंग्रह १:१-६, कलस्सी २:६-७ | ५ 21<br>चाड पर्वको समयमा अधुरो घर परिवारमा हुनुभएकाहरू स्थिर रहन सकून् भनी प्रार्थना गरिदिऔं।<br>हिब्रू २:१४-१८ | १२ 28<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:४,४९:१५-१६ | १९ 5<br>वर्तमान संसारका क्षणिक कुराहरूमा होइन तर खीष्ट येशू प्रभुमा पाएका सबै आशिष्हरूमा रमाउनेहरू हुन सकौं ।<br>फिलिप्पी ४:४-९ |
| **शुक्रबार** Friday | २३ 8<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, स्तुति प्रशंसा र सुसमाचार प्रचार गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी १४:२६, १ पत्रुस ४:११ | ३० 15<br>सबै जवानहरूले आफ्नो सारा भरोसा परमेश्वरमा राखेर जिउन सकून् ।<br>भ.सं.३२:८-९, यर्मिया २९:११-१३ | ६ 22<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप वचनमा आधारित जीवनमा हामी जिउन सकौं ।<br>मत्ती ५:६, कलस्सी २:६-७ | १३ 29<br>आज र भोलि हुने शरद सम्मेलनमा वचनको सेवकाइ गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी १:१६-१९ | २० 6<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैँ आत्माको तयारीमा आउन सकौं।<br>यूहन्ना ४:२३-२४ |
| **शनिबार** Saturday | २४ 9<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथाशक्य मण्डलीले भाग लिन सकून् ।<br>भजनसंग्रह २६:२-८; २७:४ | ३१ 16<br>देशभरि हुने आराधना सेवाहरूमा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् ।<br>२ इतिहास २०:२१-३० | ७ 23<br>नेपालका मण्डलीहरू संख्यात्मक वृद्धि मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>२ कोरिन्थी ३:१६-१८ | १४ 30<br>मण्डलीका सबै विश्वासीहरू आफै पनि वचनमा पाको हुँदै जानुको साथै एकअर्कालाई पनि वचनमा हुर्काउनेहरू हुन सकौं ।<br>भजनसंग्रह १:१-३, यशैया ३७:३१ | २१ 7<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकूं।<br>भजनसंग्रह १००:१-५ |

**म यो पनि प्रार्थना गर्दछु, कि तिमीहरूको हृदयका आँखा उज्यालो होस्, र कुन आशाको निम्ति उहाँले तिमीहरूलाई बोलाउनुभएको छ, र सन्तहरूमा उहाँको महिमित उत्तराधिकारको सम्पत्ति के हो सो तिमीहरूले जान्न सक । अनि हामी विश्वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरू जान्न सक । त्यो शक्ति उहाँको महान् सामर्थ्यको काम नै हो ।**

**एफिसी १:१८-१९**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,